# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
# समस्या समाधान सुझाव कार्यदल, २०७७
# प्रतिवेदन
**६ भदौ २०७७**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष कमरेडहरु केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' बाट यही २०७७ साउन ३० गते पार्टीको आन्तरिक जीवनमा उत्पन्न समस्याका सम्बन्धमा छलफल गरी समाधानका लागि सुझाव दिन महासचिव कमरेड विष्णुप्रसाद पौडेल संयोजक र स्थायी कमिटीका सदस्य कमरेडहरु जनार्दन शर्मा, पम्फा भुसाल, भीमबहादुर रावल, शंकर पोखेल र सुरेन्द्र पाण्डे सदस्य रहनुभएको कार्यदल गठन भए लगत्तै साउन ३१, ३२, भदौ २, ३, ४ र ६ गते गरी कार्यदलका ६ वटा बैठक सम्पन्न भएका छन् । बैठकले अध्यक्ष कमरेडहरुबाट प्राप्त मार्गदर्शन अनुरुप कार्यदलको नामाकरण, कार्यादेश, कार्यसूची, कार्यविधि, समयसीमा र आचारसंहिता तथा कार्यविधि निर्धारण गरेको छ । तदनुरुप समस्या समाधानका वस्तुपरक उपायहरुको खोजी गर्ने उद्देश्यले हार्दिकताका साथ छलफल गर्दै निम्नानुसारको सुझाव प्रतिवेदन प्रस्तुत गरिएको छ :

## १. कार्यविधि

१.१ **नामाकरण** : कार्यदलको नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा), समस्या समाधान सुझाव कार्यदल, २०७७ रहेको छ ।

१.२ **कार्यादेश** : पार्टीको आन्तरिक जीवन तथा सरकार सञ्चालनका सम्बन्धमा देखिएका समस्याका बारेमा छलफल गर्ने र अध्यक्ष कमरेडहरु समक्ष समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्ने ।

१.३ **कार्य अवधि** : कार्य आरम्भ गरेको मितिले ५ दिनमा काम सम्पन्न गर्ने ।

१.४ **आचारसंहिता**

१.४.१ कार्यदलका सदस्य कमरेडहरुले कार्यदलको कार्य अवधी, बैठकको मिति, समय, कार्यसूची, बैठकमा व्यक्त विचार र निर्णय लगायत कुनै पनि बिषय सार्वजनिक नगर्ने । सार्वजनिक सञ्चार माध्यममा विवादास्पद कुरा नबोल्ने र विवाद उत्पन्न हुने कुनैपनि गतिविधिमा संलग्न नहुने ।

१.४.२ संयोजक कमरेडले कार्यदलको कार्यप्रगतिका सम्बन्धमा नियमित रुपमा अध्यक्ष कमरेडहरुलाई जानकारी गराउने ।

१.४.३ कार्यसूची निर्धारण गर्ने र मर्यादित ढंगले छलफल गर्ने ।

१.४.४ छलफल पश्चात् प्रतिवेदनको मस्यौदा तयार गर्ने र मस्यौदा प्रतिवेदन उपर दफावार छलफल गरी पारित गर्ने ।

१.५ **कार्यसूची**

**१.५.१ पार्टी कामका सम्बन्धमा**

१.५.१.१ पार्टीमा उत्पन्न अन्तरविरोध समाधान ।

१.५.१.२ पार्टी एकीकरणका बाँकी काम ।

१.५.१.३ पार्टीको एकता राष्ट्रिय महाधिवेशनको आयोजना ।

१.५.२ **सरकारको कामका सम्बन्धमा**

१.५.२.१ नेपाल सरकार र अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीचको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता ।

१.५.२.२ नेपालको सीमा समस्या र समाधान ।

१.५.२.३ कोविड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक-सामाजिक पुनरुत्थान ।

१.५.२.४ शान्ति प्रकृयाका बाँकी कामहरु ।

## २. तत्काल कार्यान्वयन गर्नु पर्ने सुझावहरु

साउन ३१ गते सपन्न कार्यदलको पहिलो बैठकले तत्काल कार्यान्वयन गर्नका लागि निम्नानुसारको सुझाव दिने निर्णय गरियो :

२.१ अध्यक्षद्वयबाट कार्यदल गठन भई कार्यारम्भ गरिसकिएको भएता पनि कार्यदल गठन सम्बन्धी निर्णयलाई केन्द्रीय सचिवालयबाट अनुमोदन गर्नु उचित हुन्छ । यस बीचमा भदौ १ गते सम्पन्न केन्द्रीय सचिवालयको बैठकले अध्यक्ष कमरेडहरुको कार्यदल गठन सम्बन्धी निर्णयलाई अनुमोदन गरेको जानकारी प्राप्त भएको छ । कार्यदलको सुझाव ग्रहण गरिएकोमा सचिवालयलाइ धन्यवाद व्यक्त गर्दछौं ।

२.२ पार्टीमा जटिल र कठीन ठानिएको आन्तरिक अन्तरविरोध एवम् समस्या समाधानका निम्ति ठोस पहल हुनु सकारात्मक कुरा हो । यस् प्रयासलाई संस्थागत ढंगले सार्थक निष्कर्षमा पुऱ्याउनु पर्दछ । यसका लागि अनुकूल स्थिति सिर्जना हुनेगरी अध्यक्षद्वयबाट तत्काल पार्टीका नेता, कार्यकर्ता, सदस्य, शुभेच्छुक र आम जनसमुदायमा पार्टी एकता जोगाउने, पार्टी र सरकारको भूमिकालाई अझ धेरै प्रभावकारी बनाउने र नेपाली जनताले यस् पार्टीको काँधमा सुम्पिएको अभिभारा सफलतापूर्वक पूरा गर्दै अघि बढ्ने सन्देश प्रवाह हुनेगरी संयुक्त वक्तव्य जारी गर्ने ।

२.३ समस्या समाधानका लागि सार्थक प्रयास भईरहको यस विशेष परिस्थितिमा अध्यक्षद्वय, सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटी लगायत सबै तहका कमरेडहरुले आपसमा अविश्वास र अन्तरविरोध सिर्जना गर्ने तथा पार्टीको एकता प्रकृयामा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका निर्णय, कृयाकलाप वा अभिव्यक्ति नगर्ने ।

## ३. पार्टी एकताको महत्वलाई आत्मसात गर्ने

३.१ नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको एकीकरणबाट नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुनु ऐतिहासिक एवम् दूरगामी महत्वको घटना हो । यस एकताले राजनीतिक

स्थायीत्व सुनिश्चित गर्नुका साथै संविधाको रक्षा एवम् कार्यान्वयन गर्ने, सामाजिक न्याय सहितको विकास एवम् समृद्धि हासिल गर्ने र जनताको जनवाद कार्यान्वयन गर्दै समाजवाद तर्फ अघि बढ्ने बलियो आधार प्रदान गरेको छ । पार्टी एकता जोगाउन र जनता एवम् राष्ट्रको पक्षमा कृयाशील रहन सक्दा मुलुकमा लामो समयसम्म नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को अविच्छिन्न नेतृत्व रहने सुनिश्चित छ । यो देशको अग्रगमनका लागि आवश्यक छ ।

३.२ तर पार्टी एकता पछि उत्पन्न चुनौतीहरुलाई सामना गर्ने बिषयमा आवश्यक ध्यान दिन सकिएन । नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा अभूतपूर्व र समस्त पार्टी पङ्ती तथा आम नेपाली जनतालाई प्रेरणा प्रदान गर्ने पार्टी एकता अभियानको अगुवाई गरेको नेतृत्वले एकता प्रकृयाका बाँकी काम समयमै सम्पन्न गर्न र पार्टी एकतालाई बलियो बनाउन प्र्याप्त ध्यान दिन सकेन । पार्टीको एकता नै संकटमा पर्नेगरी अन्तरविरोधहरु सिर्जना हुँदै गए । फलस्वरुप एकतावद्ध पार्टी र यसको नेतृत्वमा विकास, समृद्धि, सामाजिक न्याय र समाजवादको बाटोमा अग्रसर हुने वा विभाजन र सर्वनाश तर्फ धकेलिने भन्ने स्थिति उत्पन्न भयो ।

३.३ पार्टीलाई एकतावद्ध र सुदृढ बनाउन सकिएन भने संघीय लोकतान्त्रिक गणतन्त्र लगायत विगतका उपलब्धिहरुलाई जोगाउन, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता एवम् स्वाभिमानको रक्षा गर्न र विकास, समृद्धि एवम् सामाजिक न्याय सुनिश्चित गर्दै समाजवाद तर्फ अघि बढ्न कठिन हुने छर्लङ्ग छ । तसर्थ, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता र प्रभावकारीता लोकतन्त्र, राष्ट्रिय हितको संरक्षण तथा समृद्धि एवम् सामाजिक न्यायको पूर्वशर्त बन्न पुगेको छ । यही वास्तविकतालाई हृदयंगम गर्दै र विगतका कमजोरीहरुबाट शिक्षा लिनु पर्दछ । आपसी असमझदारी, अविश्वास र अन्तरविरोध समाधान गर्दै परस्परमा विश्वास र एकता कायम गर्नुपर्दछ । पार्टी एकता सुदृढ गर्दै जनताको अपेक्षा एवम् राष्ट्रको आवश्कता अनुरुप आम जनता र सिङ्गो राष्ट्रलाई नेतृत्व प्रदान गर्नुपर्दछ । अन्तरविरोध उत्कर्षमा पुगेर स्थायी कमिटीको बैठक समेत अवरुद्ध हुनगएको परिस्थितिको गंभीरतालाई महशुस गर्दै स्थगित बैठकका कार्यसूची र अन्य अत्यावश्यक बिषयहरुमा सहमति र एकताका साथ उपयुक्त निर्णय गर्दै अघि बढ्नुपर्दछ ।

३.४ पार्टी एकताबाट ऐतिहासिक महत्वका उपलब्धिहरु प्राप्त भएका छन् । पछिल्ला दिनहरुमा पार्टीको आन्तरिक जीवनमा प्रकट भएका तिक्ततापूर्ण अन्तरविरोधहरुले पार्टी एकताको औचित्यलाई खण्डित गर्न सक्तैनन् । हाम्रा सामु उपलब्धिहरुको रक्षा गर्दै थप उपलब्धि तर्फ अघि बढ्न पार्टी एकताको सुदृढीकरण अपरिहार्य छ । यही तथ्यद्वारा निर्देशित हुँदै पार्टी भित्रका, विशेषतः नेतृत्व तहका अन्तराविरोधलाई व्यवस्थापन गर्नु र पार्टीको आन्तरिक एकतालाई सबल तुल्याउनु पर्दछ ।

## ४. पद्धती र संस्थागत प्रणालीलाई सबल तुल्याउने

४.१ सही र समयोचित सिद्धान्त, विचार र नीतिको मार्गदर्शनमा अघि बढेको र अतुलनीय त्याग एवम् बलिदानको जगमा निर्माण भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को शक्ति र सामर्थ्यलाई ठीक ढंगले बुझ्न नसक्दा समस्या उत्पन्न भएको छ । विगतमा विभिन्न सन्दर्भमा नेतृत्व तहबाट गम्भीर प्रकृतिका गल्ति, कमजोरीहरु हुन पुगे । अब सम्बन्धित सबैले आ-आफ्ना गल्ति, कमजोरीहरु प्रति आत्मसमिक्षक र आत्मालोचित हुँदै भविष्यमा

त्यसप्रकारका गल्ति, कमजोरीहरु दोहोरिन नदिने प्रतिज्ञा गर्नुपर्दछ । अतितमुखी होइन भविष्यमुखी भएर, वर्तमानका चुनौतीलाई वेवास्ता गरेर होइन तिनलाई सामना गर्ने सही निष्कर्ष र सार्थक योजनाका साथ अघि बढेर जनताले सुम्पिएको अभिभारा पूरागर्दै मुलुकको उज्वल भविष्य सुनिश्चित गर्न संकल्पबद्ध हुनपर्दछ । केन्द्र सरकार, ६ प्रदेश सरकार र अधिकांश स्थानीय तहमा नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सुदृढ एकता देश र जनताको हित र सवलिकरणका लागि अत्यावश्य रहेको छ भन्ने सत्यवोध गर्नुपर्छ । जनता र राष्ट्रको हितमा समर्पित, निस्वार्थ एवम् सिद्धान्तनिष्ठ एकताको पक्षमा दृढ निश्चयका साथ उभिनु पर्दछ ।

४.२ कार्यकर्ता र जनतामा रहेको चासो, चिन्ता र खबरदारीले पार्टी एकता अक्षुण्ण राख्न र समस्या समाधान गर्दै अघि बढ्न प्रेरणा प्रदान गरेको छ । नेता, कार्यकर्ताबाट पार्टी एकताको पक्षमा भएका प्रयासहरु र नेतृत्व पङ्तिमा अन्तरनिहित चाहनाले गर्दा विभाजन तर्फ होइन, एकता र सहमति तर्फ अग्रसरहुन सम्भव भएको छ । अब सबै खाले षडयन्त्र तथा दाउपेचहरुलाई चिर्दै पार्टी एकतालाई अक्षुण्ण राख्नपर्दछ, पार्टीको काँधमा नेपाली जनताले सुम्पिएको युगिन अभिभारा योग्यतापूर्वक बहन गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै सामाजिक न्याय सहितको विकास एवम् समृद्धि सुनिश्चित गर्न र समाजवादको आधार तयार गर्न अविचलित भएर अघि बढ्नुपर्दछ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को पक्षमा रहेको जनाधारलाई अझ धेरै फराकिलो पार्नुपर्दछ र अन्तर्राष्ट्रिय जगतमा यस पार्टीको लोकतान्त्रिक छवि र प्रतिष्ठालाई अझ माथी उठाउनुपर्दछ ।

४.३ पार्टी भित्र उत्पन्न अन्तरविरोधहरु ठीक किसिमले समाधान गर्न नसक्दा संस्थागत प्रवन्ध उलङ्घन भएको र आन्तरिक एकता कमजोर भएको गहिरो पीडा हामीसंग छ । तसर्थ विगतका अन्तरविरोध एवम् अनुभवहरुबाट शिक्षा लिदै पार्टी एकताको मर्म र भावना, दुई पार्टीका वीच एकता गर्दाका सहमतिहरु र संस्थागत रुपमा तय गरिएका विचार, नीति, विधि र पद्धती अनुशरण एवम् कार्यान्वयन गर्नुपर्दछ । कार्यान्वयन हुन बाँकी रहेका विगतका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ । सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटी लगायत समस्त पार्टी पङ्तिलाई विधि, पद्धती र संस्थागत निर्णयका आधारमा सञ्चालन गर्नुपर्दछ । कम्युनिष्ट पार्टीको जीवन, विचार र विधिमा आधारित हुन्छ र सिर्जित समस्याको समाधान पनि संस्थागत प्रणाली अन्तर्गत खोज्नु पर्दछ भन्ने मान्यतालाई पालना गर्नुपर्दछ ।

४.४ आन्तरिक विवादका कारणले यतिबेला पार्टी अनुशासनलाई गुट अनुशासनले र पार्टीलाई गुटले विस्थापित गर्न खोज्दै छ । गुट-गुटका अलग-अलग बैठक बस्ने, निर्णय गर्ने र सार्वजनिक रुपमा आरोप-प्रत्यारोपमा उत्रिने जस्ता गलत अभ्यासहरु भईरहेका छन् । गुटवन्दीको असर पार्टी र तीनै तहको सरकारको काममा देखिनथालेको छ । हामीले एकातीर पार्टीमा विधि, पद्धतीलाई कडाईका साथ स्थापित गर्दै संस्थागत रुपमा निर्णय गर्ने प्रणालीलाई बलियो गरी आत्मसात् गर्नुपर्दछ भने अर्कोतर्फ पार्टीमा देखापरेका अनेकता, अराजकता, अनुशासनहीनता र गुटवन्दीपूर्ण कृयाकलापलाई कडाईका साथ नियन्त्रण गर्नुपर्दछ । पार्टीको नीति, नेता र कार्यकर्ताका विरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेख्ने र पार्टी हित विपरीत गतिविधि गर्ने प्रवृत्तिलाई रोक्नु पर्दछ । गुटवन्दीपूर्ण त्यस्ता कृयाकलापलाई सम्पूर्ण रुपमा अन्त्य गर्न जिम्मेवार कमरेडहरु स्वयम् तयार हुनुपर्दछ र अरु सम्बद्ध सबैलाई तयार गर्नुपर्दछ

। अनेकता, अराजकता, अनुशासनहीनता र गुटवन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कार्वाईको बिषय बनाउनु पर्दछ ।

४.५ संविधानसभाबाट संविधान निर्माण गर्ने असंभव जस्तो ठानिएको जिम्मेवारी हाम्रो एकता र अग्रसरतामा सफल भयो । त्यस्तै असंभव झैं ठानिएको चुनावी गठवन्धन र ऐतिहासिक पार्टी एकता पनि हाम्रै दूरदृष्टि, सुझबुझपूर्ण र साहसिक निर्णयको परिणाम थियो । तर पछि एकतालाई अक्षुण्ण राख्दै उद्देश्य केन्द्रीत भएर अघि बढ्न पर्नेमा पाइला पाइलामा चुक्दै गइयो । नेपाली जनता र नेपाल राष्ट्रको स्थायित्व र उन्नति देख्न नचाहने नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का बैरीहरुले यस् पार्टीमा विग्रह र विभाजनको अपेक्षा गर्नु अनौठो कुरा होइन । तर पार्टी भित्र उत्पन्न असमझदारी र अन्तरविरोधहरु समाधान गर्नमा आफै असमर्थ हुँदैजाने स्थिति बन्यो । अब यस्तो स्थितिलाई सबैले मिलेर परिवर्तन गर्नुपर्छ । अन्तरविरोधहरु अविलम्ब समाधान गर्दै पार्टी एकताको रक्षा र विकास गर्नुपर्दछ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले नेपाली जनताको उज्वल भविष्य सुनिश्चत गर्त र नेपाल राष्ट्रको स्वाभिमान एवम् सम्मानको रक्षा गर्नसक्छ भन्ने तथ्यलाई पुनर्पुष्टि गर्नुपर्दछ ।

४.६ अन्तःपार्टी संघर्षको कठीन र जटिल मोडबाट गुज्रीएको हाम्रो पार्टीले विगतमा जस्तै यसपटक पनि पार्टी भित्र उत्पन्न अन्तरविरोधहरुलाई समाधान गर्नुपर्दछ र चुनौतीहरुलाई एकतावद्ध भएर सामना गर्नुपर्दछ । पार्टीमा नयाँस्तरमा एकता कायम गर्नुपर्दछ र समस्त पार्टीपंक्ति तथा आम जनसमुदायमा एकताको सन्देश सम्प्रेषण गर्नुपर्दछ । केही समय यता पार्टी भित्रको अन्तरविरोधको कारणले पुग्न गएको क्षतिलाई पारस्परिक विश्वास, सम्मान, एकता र समझदारीका साथ पूर्ति गर्नुपर्दछ । अस्वस्थ बहस र गुटगत अभ्यास पार्टी जीवनको लागि खतरनाक शत्रु जस्तै भएको यथार्थलाई महशूस गर्दै पार्टीका स्थापित सैद्धान्तिक मान्यता, नीति र विधिको जगमा उभिएको एकताबद्ध पार्टी नै अग्रगति र प्रगतिको आधार हो भन्ने वास्तविकतालाई बलियो गरी स्थापित गर्नुपर्दछ ।

४.७ पार्टीमा विधि तथा पद्धती स्थापित गर्न, गुटवन्दी र अनुशासनहीनता अन्त्य गर्न तथा नेता, कार्यकर्ता एवम् जनप्रतिनिधिहरुको कार्यशैली र जीवनशैलीलाई मार्गदर्शन गर्न विगतमा बनाइएको आचारसंहितालाई परिमार्जन गरी कडाईका साथ लागु गर्नुपर्दछ । सबैले, विशेषतः जिम्मेवार कमरेडहरुले, पारदर्शी र जवाफदेही जीवनशैली अपनाउनु पर्दछ र सबैलाई आफ्नो आचरण तथा कामप्रति जवाफदेही बनाउनु पर्दछ ।

## ५. कार्यविभाजन तथा कार्याधिकार स्पष्ट पार्ने

पार्टीमा दुई अध्यक्षीय व्यवस्थाको समझदारीपूर्ण एवम् प्रभावकारी कार्यान्वयन हुन नसक्दा शीर्ष नेतृत्व तहमा अविश्वास र अन्तरविरोध उत्पन्न हुनेगरेको छ । एउटा समस्या समाधान गरेको केही समय पछि फेरी नयाँ रुप र स्तरमा अर्को समस्या आईलाग्ने गरेको छ । यस अवस्थाको नकारात्मक प्रभाव समग्र पार्टी तथा सरकारको काममा समेत परिरहेको छ । अब पारस्परिक विश्वास, सहमति, विधान र पद्धती अनुरुप समस्या समाधान गर्नुपर्दछ । यसका लागि अध्यक्षद्वयका वीचमा निम्नानुसार कार्यविभाजन र कार्याधिकार निश्चित गर्नुपर्दछ :

५.१ पार्टी विधान बमोजिम अध्यक्षद्वय र महासचिवको आपसी परामर्श र सहमतिका आधारमा सचिवालय, स्थायी कमिटी, पोलिटव्यूरो तथा केन्द्रीय कमिटी बैठकका कार्यसूची तथा निर्णय प्रस्ताव तयार गरी सम्बन्धित कमिटीको बैठकमा पेश गर्ने र तदनुरुप बैठक सञ्चालन गर्ने

। सामुहिक नेतृत्व तथा व्यक्तिगत जिम्मेवारीको संस्थागत प्रणालीलाई अवलम्बन गर्ने र सबल बनाउने ।

५.२ अध्यक्ष कमरेड केपी शर्मा ओलीले प्रतिनिधिसभाको यो कार्यकाल भरी प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र मूलतः सरकारको काममा केन्द्रीत हुने ।

५.३ अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' ले कार्यकारी अधिकार सहित मूलतः पार्टीका बैठकहरुको सञ्चालन, निर्णयहरुको कार्यान्वनय र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रीत हुने ।

५.४ अध्यक्षद्वयले पार्टी र सरकार वीचको काममा समन्वय गर्ने र संस्थागत रुपमा अघि बढाउने ।

## ६. पार्टी एकताका बाँकी काम सम्पन्न गर्ने

६.१ पार्टी एकता सम्पन्न भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको दुई बर्ष बितिसकेको छ । आजसम्म आईपुग्दा पार्टी एकताका सम्पूर्ण काम सम्पन्न गर्ने, सदस्यता नवीकरण गर्ने र स्थानीय कमिटीका अधिवेशनहरु र राष्ट्रिय महाधिवेशन समेत सम्पन्न गर्नुपर्ने थियो । तर अहिले सम्म पनि एकता-एकीकरणका कतिपय महत्वपूर्ण कामहरु समेत सम्पन्न हुनसकेका छैनन् ।

६.२ फरक-फरक राजनीतिक कार्यदिशा र पृष्ठभूमीले निर्माण गरेको मनोविज्ञान, प्रमुख नेताहरुका बीचमा बेलाबेलामा उत्पन्न असमझदारी र एकीकरणका संगठनात्मक बिषयहरुमा सहमति हुन नसक्ने जस्ता समस्याहरुले एकीकरण प्रकृयामा अनपेक्षित विलम्ब हुनपुगेको छ । कोविड-१९ महामारीको सामना गर्नुपर्ने जस्तो अनपेक्षित राष्ट्रिय समस्याले पनि पार्टीकाम प्रभावित हुन पुगेको छ ।

६.३ केन्द्रीय कमिटीको दोश्रो बैठकले आगामी चैत २५ देखि ३० गते पार्टीको एकता महाधिवेशन सम्पन्न गर्ने निर्णय गरिसकेको छ । अब एकता-एकीकरणका बाँकी कामहरु सम्पन्न गर्दै महाधिवेशनको सफल आयोजनाको तयारी गर्नुपर्छ । केन्द्रीय सचिवालयले पार्टी विधान र नियमावलीको व्यवस्था र निर्धारित मापदण्डका आधारमा एकता-एकीकरणका बाँकी कामहरु एक महिना भित्र सम्पन्न गर्ने । केन्द्रीय तहका सल्लाहकार परिषद, जेष्ठ कम्युनिष्ट मञ्च, पोलिटव्यूरो, विभागहरु, प्रदेश र स्थानीय तहका कमिटीहरु, जनवर्गीय संगठहरु र प्रवास क्षेत्रको संगठनात्मक एकीकरणका साथै सम्पत्ति र अभिलेखको समेत एकीकरण सम्पन्न गर्ने । कार्यान्वयन हुन बाँकी रहेका पूर्ववर्ती निर्णयहरु कार्यान्वयन गर्ने । विवादका कारणले अवरुद्ध हुनपुगेको एकीकरण प्रकृयालाई सहमतिका साथ अघि बढाउने र आवश्यकता अनसार नयाँ निर्णय लिने । केन्द्रीय तहबाट गर्नैपर्ने काम केन्द्रीय सचिवालयलले गर्ने र अन्य कामका लागि सम्बद्ध निकाय वा मातहत कमिटीलाई अधिकार प्रत्यायोजन गर्ने ।

६.४ पार्टी विधानमा उल्लेखित महानगर कमिटीको स्तर, मर्यादा र जिम्मेवारीलाई बुझ्ने तथा कार्यान्वयन गर्ने सन्दर्भमा विद्यमान अन्योलाई एकीकरण प्रकृयामा बाधा सिर्जना गरेको छ । विधानको व्याख्याद्वारा यस अन्योलको अन्त्य गर्ने । विधान अनुसार महानगर कमिटीको मर्यादा जिल्ला कमिटी सरह हो तथापी महानगर कमिटी सम्बन्धित जिल्ला कमिटीको मातहत हुन्छ ।

यही मान्यता अनुरुप महानगर कमिटीको एकीकरण कार्य सम्पन्न गर्ने । यसरी एकीकरण सम्पन्न गर्दा पूर्व निर्णयहरु प्रभावित हुने भएमा तदनुरुप व्यवस्थापन गर्ने ।

६.५ अन्तरविरोध र असमझदारीको कारणले गर्दा कतिपय जिल्ला र सो मातहतमा पार्टी कमिटीहरु गठन हुनसकेका छैनन् । एकीकरणको क्रममा कतिपय स्थानमा मापदण्ड उल्लङ्घन भएको र अनुशासनात्मक बिषयसंग सम्बन्धित अन्य बिषयहरुमा उजुरी र गुनासाहरु प्राप्त भएका छन् । निश्चित समय भित्र सत्य-तथ्य यकीन गरी पार्टी विधान तथा नियमावलीको प्रवन्ध र निर्धारित मापदण्डको आधारमा यस्ता समस्याहरुको समाधान गर्ने जिम्मेवारी केन्द्रीय संगठन विभागलाई दिने ।

### ७. राजनीतिक तथा संगठनात्मक क्षेत्रमा निम्नानुसार गर्ने

७.१ परिभाषित कामको मूल्याङ्कनमा आधारित भएर केन्द्रीय कमिटीको कार्यविभाजनको पुनरावलोकन गर्ने ।

७.२ पार्टीको अन्तराष्ट्रिय सम्बन्धलाई पार्टी नीति तथा विधि अनुरुप संस्थागत एवम् पारदर्शी रुपमा सञ्चालन गर्ने र कूटनीतिक मान्यतासंग अमिल्दा कार्यहरु नगर्ने ।

७.३ राजनीतिक दल सम्बन्धी कानुनी व्यवस्था कार्यान्वयन गर्ने ।

७.४ प्रदेश तथा स्थानीय तहका अधिवेशनबाट निर्वाचित हुने पार्टी कमिटीहरुका लागि कमिटीको संरचना र अधिकतम् संख्या निर्धारण गर्ने ।

७.५ पार्टी भित्र विद्यमान विवाद वा मतभेदका सम्बन्धमा एउटा निश्चित समय वा विन्दु निर्धारण गरी पुनः त्यस प्रकारको अन्तरविरोधपूर्ण विवाद नहुने कुरा सुनिश्चित गर्ने । सार्वजनिक रुपमा गरिने तथ्यहीन र अमर्यादित आरोप प्रत्यारोप बन्द गर्ने । आफ्नो मत वा असहमति कमिटी प्रणाली अन्तर्गत मर्यादित रुपमा राख्ने । गुटवन्दीपूर्ण क्रियाकलाप नगर्ने, गुटगत गतिविधिलाई संरक्षण, प्रोत्साह र प्रश्रय नदिने । गुटबन्दीपूर्ण कार्यलाई अनुशासनात्मक कार्वाहीको बिषय बनाउने र पार्टी विधान बमोजिम कार्वाही गर्ने ।

७.६ सबै तहका पार्टी कमिटी तथा निकाय र विभागहरुको बैठक विधान बमोजिम नियमित रुपमा आयोजना गर्ने ।

७.७ पार्टीलाई जनता र राष्ट्रका सामु उपस्थित चुनौती सामना गर्न केन्द्रीत गर्ने । त्यसका लागि राष्ट्रिय सुरक्षा नीति, परराष्ट्र नीति, प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति, सामाजिक न्यायमा आधारित आर्थिक समृद्धि एवम् विकास र समाजवाद उन्मुख आर्थिक सामाजिक प्रणाली जस्ता बिषयहरुमा छलफलको प्रवन्ध गर्ने । यस्ता राष्ट्रिय तथा अर्न्तराष्ट्रिय महत्वका बिषयहरुमा पार्टीमा नीतिगत निर्णय गर्ने र कार्यान्वयन गर्ने ।

७.८ पार्टी कमिटी तथा जनसंगठनमा विद्यमान गम्भीर प्रकृतिका अन्तविरोधहरुलाई आन्तरिक छलफल र पारस्परिक सहमतिको आधारमा समाधान गर्न निर्देशन जारी गर्ने । गम्भीर प्रकृतिका अन्तरविरोधहरुको समाधानका लागि केन्द्रीय संगठन विभागको तर्फबाट विशेष टोली खटाउने ।

७.९ विभिन्न कारणले जिम्मेवारी प्राप्तगर्न बाँकी कमरेडहरुको अभिलेख तयार गरी आवश्यक व्यस्था गर्ने ।

७.९ पार्टीमा अनुशासनात्मक कार्वाही गर्नुपर्ने वा कार्वाही फुकुवा गर्नुपर्ने बिषयमा यथाशिघ्र टुङ्गो लगाउने ।

७.१० केन्द्रीय कमिटीको निर्णय अनुरुप पार्टीको केन्द्रीय कार्यालय भवन गर्ने ।

## ८. एकताको राष्ट्रिय महाधिवेशन आयोजना गर्ने

पार्टी केन्द्रीय कमिटीको दोश्रो बैठकले तय गरेको मिति २०७७ चैत २५ देखि ३० गते एकताको राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न तयारी कार्य निम्नानुसार अघि बढाउने :

८.१ पार्टी एकताको भावना एवम् मर्म अनुरुप सहमतिका साथ महाधिवेशन सम्पन्न गर्ने । महाधिवेशनसंग सम्बन्धित अन्य प्रक्रियागत कुराहरु पार्टीको विधान बमोजिम गर्ने । महाधिवेशनबाट पार्टीका नीति, विचार, विधि, पद्धती एवम् नेतृत्व सुनिश्चित गर्ने र पार्टी एकतालाई सुदृढ तुल्याउने ।

८.२ विचार, नीति र विधि सम्बन्धी बिषयलाई महाधिवेशन तयारीको महत्वपूर्ण बिषयका रुपमा ग्रहण गर्ने र तदनुरुप मस्यौदा दस्तावेजहरु तयार गर्ने । मस्यौदा दस्तावेजहरु तयार भएसंगै वैचारिक, नीतिगत तथा विधिगत बिषयमा बहस, छलफल सञ्चालन गर्ने ।

८.३ महाधिवेशनबाट मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा नेपाली विशेषता अनुरुप नेपाली कम्युनिष्ट आन्दोलनले विकसित गरेका अनुभव तथा मौलिक एवम् सृजनात्मक सिद्धान्तहरुलाई संस्थागत गर्ने । यस क्रममा साविक नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र सशस्त्र आन्दोलनका सकारात्मक वैचारिक पक्षहरुको संश्लेषण गर्ने ।

८.४ महाधिवेशन सम्बन्धी कार्ययोजना पारित गर्न असोज १५ देखि १७ गते केन्द्रीय कमिटीको बैठक आयोजना गर्ने । उक्त बैठकमा केन्द्रीय सचिवालयबाट एकताको राष्ट्रिय महाधिवेशन आयोजनाको तयारीका लागि दस्तावेज मस्यौदा कमिटी, मूल व्यवस्थापन कमिटी लगायत अन्य आवश्यक संरचना, प्रतिनिधि छनोट विधि र कार्यतालिका लगायत समग्र कार्ययोजना प्रस्तुत गर्ने ।

८.५ केन्द्रीय कमिटीको बैठकले उक्त कार्ययोजना सम्बन्धमा छलफल गरी पारित गर्ने ।

८.६ संगठन विभागको कार्ययोजनामा आगामी असोज महिना भित्र सम्बन्धित जिल्ला कमिटीहरुले पार्टीको संगठित सदस्ता विवरण अद्यावधिक गरी प्रदेश कमिटी हुँदै केन्द्रीय संगठन विभागमा पठाउने । मङ्सीर महिना भित्र संगठित सदस्यता नवीकरण सम्पन्न गर्ने । प्रवास क्षेत्रमा पनि सोही अनुरुप गर्ने ।

**९. सरकारको कामका सम्बन्धमा**

सरकारको कार्यकाल आधा भन्दा बढी व्यतित भैसकेको छ । यस बीचमा पार्टी भित्र उत्पन्न अन्तरविरोधले गर्दा सरकारका काम समेत प्रभावित भए । देशलाई विकास, समृद्धि, सामाजिक न्याय र समाजवाद तर्फ अघि बढाउन आगामी निर्वाचनमा अहिलेको भन्दा अनुकूल परिणाम प्राप्त गर्ने तयारीका साथ अघि बढ्नु पर्छ । त्यसका लागि निम्नानुसारका कार्यहरु गर्ने :

९.१ सरकारको कामलाई कोविड- १९ महामारीले सिर्जना गरको चुनौतीको सामना, सीमा समस्याको समाधान, चुनावी घोषणा पत्रको कार्यान्वयन र पार्टी तथा सरकारका तर्फबाट गरिएका सार्वजनिक प्रतिवद्धताहरुको कार्यान्वयन जस्ता महत्वपूर्ण बिषयहरुमा केन्द्रीत गर्ने ।

९.२ सरकार पार्टीको नीतिगत मार्गदर्शनमा सञ्चालन हुने स्थापित मान्यतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । सचिवालयका सदस्य कमरेडहरुको सुझाव, अध्यक्षद्वयको आपसी परामर्श र सहमति तथा सम्वैधानिक व्यवस्था, कानुनी प्रवन्ध र निश्चित मापदण्डका आधारमा संघीय मन्त्री परिषद र प्रदेश मन्त्रिपरिषद्को पुनर्गठन र राजनीतिक नियुक्ति सम्बन्धी निर्णय गर्ने । मन्त्री परिषद पुनर्गठन र राजनीतिक नियुक्तिका सम्बन्धमा योग्यता, क्षमता, निष्ठा, निरन्तरता, योगदान र राष्ट्रिय दृष्टिले सन्तुलन कायम हुनेगरी मापदण्ड निर्धारण गर्ने ।

९.३ संसद समक्ष प्रस्तुत गरिने विधेयकका सैद्धान्तिक पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका नीतिगत बिषयमा केन्द्रीय कमिटी वा स्थायी कमिटी वा सचिवालयमा संस्थागत रुपमा छलफल गरी पार्टीको धारणा तय गर्ने ।

९.४ सरकार संविधानको रक्षा एवम् कार्यान्वयन, राष्ट्रिय हित र स्वाधीनताको संरक्षण एवम् सवलीकरण, स्वतन्त्र एवम् असंलग्न परराष्ट्रनीतिको अनुशरण, लोकतन्त्रलाई जीवन पद्धतीका रुपमा अवलम्बन गर्दै सामाजिक जीवनमा समेत विस्तारित र स्थापित गर्ने पहल, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूती, सबै प्रकारका विभेद, असमानताको अन्त्य, विकास, समृद्धि एवम् समाजिक न्यायको सुनिश्चितता जस्ता बिषयहरुमा केन्द्रीत हुने ।

९.५ भ्रष्टाचार तथा अनियमितताका सम्बन्धमा सरकार आफैले थालेका छानवीन प्रकृयालाई यथाशक्य चाँडो निष्कर्षमा पुऱ्याउने । सार्वजनिक रुपमा उठेका जनसरोकारका बिषयमा सत्यतथ्य सार्वजनिक गर्ने । भ्रष्टाचार र अनियमितकार्यप्रति शुन्य सहनशीलताको मान्यता अनुरुप दोषिमाथी कडा कानूनी कार्वाह गर्ने र भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने । अनुपयुक्त प्रशासनिक खर्च कटौती गर्ने र मितव्ययीताको नीति अवलम्बन गर्ने ।

९.६ विकास बजेटको विनियोजन र कार्यान्वयन प्रकृयालाई भौगोलिक क्षेत्र तथा समुदायका दृष्टिले सन्तुलीत बनाउने । सन्तुलित राष्ट्रिय विकासको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

९.७ संविधान एवम् संघियताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक कानुनहरु निर्माण गर्ने र बाझिएका कानूनहरु संशोधन गर्ने ।

९.८ जनता र राष्ट्रको पक्षमा सरकारले गरेका उपलब्धिपूर्ण कामहरुलाई समस्त पार्टी पङ्तीको प्रभावकारी परिचालनद्वारा आम जनताको माझमा लैजाने र स्थापित गर्ने ।

९.९ सरकारको कामको आवधिक समीक्षा हुँदै आएको छ । पछिल्लो पटक हामीले केन्द्रीय कमिटीको दोस्रो बैठकमा सरकारको समीक्षा गरिएको थियो । महाधिवेशनपूर्व तथ्यपरक किसिमले सरकारको कामको समीक्षा गर्ने ।

**१०. संसदीय दलको भूमिकालाई प्रभावकारी बनाउने**

संसद पार्टी कामको महत्वपूर्ण कार्यथलो हो र हाम्रो पार्टी संघीय संसदमा करीव दुई तिहाई नजिकको हैसियतमा निर्वाचित भएको छ । संसदमा हाम्रो उपस्थिति अनुरुप प्रस्तुती र भूमिकालाई प्रभावकारी बनाउनु पर्छ । त्यसका लागि निम्नानुसार गर्ने :

१०.१ संसदीय दललाई दलको विधान अनुरुप सञ्चालन गर्ने । दलको विधानमा प्रवन्ध गरिएका संरचनाहरु निर्माण गर्ने र तीनलाई कृयाशील तुल्याउने ।

१०.२ संसदीय दलको कार्यालय एउटै बनाउने ।

१०.३ संसदीय दलका सदस्यहरुलाई सम्बन्धित बिषयहरुमा प्रशिक्षणको व्यवस्था गर्ने ।

१०.४ सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम, बजेट, विधेयकहरु र अन्य महत्वपूर्ण बिषयहरुमा संसदीय दलका सदस्यहरुमाझ छलफल गर्ने र सुझाव लिने ।

१०.५ संसदीय दलको निर्णयका आधारमा संसद तथा समितिहरुमा साँसदहरुको भूमिकालाई एकरुप र प्रभावकारी बनाउने । साँसदहरुले सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम, बजेट, विधेयक, सन्धी लगायत प्रस्तावहरु पारित गर्न सक्रिय भूमिका निर्वाह गर्ने ।

**११. प्रदेश सरकार र स्थानीय निकायको भूमिका प्रभावकारी बनाउने**

प्रदेश सरकार, प्रदेशसभा र स्थानीय तहलाई पार्टी नीति अनुरुप परिचालनका लागि निम्नानुसारको प्रवन्ध गर्ने :

११.१ प्रदेश सरकारले नीति तथा कार्यक्रम, बजेट, अन्य नीतिगत बिषय र राजनीतिक नियुक्ति जस्ता महत्वपूर्ण निर्णयहरु प्रदेश पार्टी कमिटीका पदाधिकारीहरुसंगको समन्वयमा गर्ने । पार्टीसंगको समन्वयमा मन्त्री परिषद विस्तार तथा पुनर्गठन गर्नसक्ने । प्रदेशसभा दललाई मार्गदर्शन एवम् परिचालन गर्न सम्बन्धित प्रदेशको विशिष्ट विशेषता सहित आम रुपमा समान विशेषता भएको प्रदेशसभा दलको विधान पारित गर्न निर्देशित गर्ने ।

११.२ स्थानीय तहले बार्षिक बजेट तथा कार्यक्रम र अन्य महत्वपूर्ण निर्णय गर्दा स्थानीय तहको सम्बन्धित कमिटीसंगको परमर्श र समन्वयमा गर्ने । पार्टीको नीति अनुरुप स्थानीय निकायको प्रभावकारी परिचालनका लागि पार्टी केन्द्रबाट निर्देशिका जारी गर्ने । निर्देशिका मस्यौदा गर्ने जिम्मेवारी स्थानीय तह विभागलाई दिने ।

**१२. नेपालको सीमा समस्या र समाधान सम्बन्धमा प्रस्ताव पारित गर्ने**

११.१ नेपालको सीमा समस्या समाधानका सन्दर्भमा गरिएको अद्यावधिक नक्सा प्रकाशन र संविधान संशोधनका साथै नेपाली भूमिबाट भारतीय फौंज हटाउने र अतिक्रमित नेपाली भूमिमा नेपालको राजनीतिक तथा प्रशासनिक हकभोगस्थापित गर्ने सन्दर्भमा स्थायी कमिटीको बैठकबाट निम्नानुसारको प्रस्ताव पारित गर्ने :

१२.२ नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको मामिलामा अहिले मुलुकमा अभूतपूर्व एकता कायम भएको छ । अतिक्रमित भूभागमा हकभोग कायम गर्ने उद्देश्य सहित प्रकाशित नेपालको नयाँ राजनीतिक/प्रशासनिक नक्शाको समर्थनमा सबै राजनीतिक दल तथा नेपाली जनताएकताबद्ध रुपमा एक ठाउँमा उभिएका छन् । संबिधानको दोश्रो संशोधनबाट निशान छापमा नेपालको नयाँ नक्सासहित परिवर्तन भएसंगै यसलाई संबैधानिक रुपमा संस्थागत गरिएको छ । संवादका माध्यमबाट सीमा समस्याको समाधान गर्न र अतिक्रमित नेपाली भूभागमा नेपालको हकभोग कायम गर्न नेपाल सरकारको दृढता र सक्रियताको समर्थन गर्ने ।

१२.३ नेपाल र भारतबीचको अन्तर्राष्ट्रिय सीमा सन् १८१६ मार्चको सुगौली सन्धी तथा त्यसपछि सन् १८१६ दिसम्बर, १८६० र १८७५का सन्धीहरुबाट निर्धारण भएको हो । सुगौली सन्धीको धारा ५ मा उल्लेख गरिएको नेपालको पश्चिमी सीमा काली (महाकाली) नदी हुने भनिएकोलाई परिवर्तन गर्ने गरी दुई देशबीच त्यस यता कुनै पनि सन्धी या सम्झौता नभएको कुरा स्पष्ट छ । राष्ट्रहरु बीचको अन्तर्राष्ट्रिय सीमा सम्बन्धित देशहरुबीच स्वीकृत औपचारिक सन्धीहरुबाट मात्र निर्धारित हुने, अन्य कुनै कुराले यसलाई प्रभावित गर्न नसक्ने र कुनै राष्ट्रको एकपक्षीय निर्णयले अन्तर्राष्ट्रिय सीमा परिवर्तन हुननसक्ने ।

१२.४ शुरुमा नक्सामा एकपक्षीय हेरफेर गर्दै र सन् १९६० को दशकदेखि सुरक्षा उपस्थिति कायम गर्दै काली (महाकाली) नदी पूर्वका नेपाली भू-भागहरु लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा अनाधिकृत नियन्त्रण गर्दै आएको भारतले उक्त भूभागहरु समेत समेटेर सन् २०१९ को नोभेम्बर २ मा आफ्नो राजनीतिक नक्सा प्रकाशित गर्नु सुगौली सन्धीको अक्षर र भावना विपरीत त थियो नै, सुस्ता र कालापानी क्षेत्र दुई देश बीच सुल्झिन बाँकी रहेको समस्या भनी भारत स्वयंले स्वीकारेको मान्यताको विरुद्ध पनि थियो । दुई देशका वीचका समस्या समाधानका लागि गठित सचिवस्तरीय संयन्त्रको बैठकका लागि नेपालको तर्फबाट पटक-पटक गरिएको आग्रहलाई स्वीकार नगर्ने र एकपटक पनि बैठक नबस्ने, तर एकपक्षीय रुपमा नक्शा प्रकाशित गर्ने भारतीय कार्यले नेपालमा स्वाभाविक रुपमा गंम्भीर चासो, चिन्ता र आक्रोश उत्पन्न भयो । नेपाल सरकारले तत्कालै वक्तव्यमार्फत भारतीय कदमप्रति विरोध जनायो, कुटनीतिक नोट पठाएर औपचारिक रुपमा प्रतिवाद गर्नुका साथै समस्या समाधानका लागिआग्रह गऱ्यो । देशभित्र यस विषयमा राष्ट्रिय सहमति निर्माण गरियो । गतःवर्ष मङ्सिर-पुष महिनामा सम्पन्न पार्टी स्थायी कमिटीको तेस्रो बैठकले सरकारद्वारा चालिएका कदमहरुको दृढ समर्थन गर्दै यस विषयमा निर्माण भएको राष्ट्रिय एकताको बलमा सीमा समस्याको कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्न र नेपालको भूभाग समेटेर नक्शा प्रकाशन गर्न सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको कुरा यहाँ स्मरणीय छ ।

१२.५ नेपालको पटक-पटकको आग्रहलाई वेवास्ता गर्दै, सिङ्गो विश्व कोरोना महामारीका विरुद्ध कठोर लडाइँ लडिरहेको विषम परिस्थितिमा भारतले गत मई ८ मा नेपाली भूभाग हुँदै लिपुलेक जोड्ने कथित सडकको उद्घाटन गर्‍यो । नेपाल सरकारले उक्त कदमको तत्काल प्रतिवाद गर्‍यो । हाम्रो पार्टीले उक्त भारतीय कदमले नेपालको सार्वभौमसत्ताको अवमूल्यन गरेको भन्दै भर्त्सना गर्‍यो । यस विषयमा सरकारले सबै राजनीतिक दलहरुबीच राष्ट्रिय सहमति कायम गर्दै गतः जेठ ५ गते लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नेपालको वास्तविक सीमासहितको राजनीतिक र प्रशासनिक नक्शा प्रकाशित गर्‍यो । उक्त नक्शालाई नेपालको निशाना छापमा समेट्न सरकारले संसद समक्ष संविधान संशोधन प्रस्ताव दर्ता गर्‍यो । संघीय संसदको दुबै सदनबाट नेपालको संविधान (दोस्रो संशोधन) विधेयक सर्वसम्मत रुपमा पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण समेत भइसकेको छ ।

१२.६ स्थायी कमिटीको यो बैठक नेपालको नयाँ नक्शा प्रकाशन र यस प्रयोजनका लागि संविधान संशोधनसहितको ऐतिहासिक निर्णयका लागि सम्माननीय प्रधानमन्त्री र नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यस काममा अभूतपूर्व राष्ट्रिय एकता प्रदर्शन गर्ने सबै राजनीतिक दलहरुप्रति आभार व्यक्त गर्दछ । संविधान संशोधनको पक्षमा मतदान गरेर सर्वसम्मत रुपमा निशान छापमा नेपालको नयाँ नक्शा राख्ने प्रस्ताव पारित गर्ने सङ्घीय संसदका सबै माननीय सदस्यहरुमा धन्यवाद र वधाइ ज्ञापन गर्दछ । यस विषयमा अध्ययन, अनुसन्धान, सचेतना, जागरण तथा जनमत सिर्जना गर्दै अनुकूल परिस्थिति निर्माणमा योगदान गर्नु हुने सीमाविद्हरु, यस विषयका जानकार र अभियन्ताहरु, सञ्चार माध्यम एवं सबै देशभक्त नेपाली जनतामा धन्यवाद ज्ञापन गर्दछ ।

१२.७ यस सन्दर्भमा हिमाल, पहाड र तराई-मधेसमा बस्ने नेपाली जनताको देशभक्तिपूर्ण भावना प्रतिविम्बत भएको छ र राष्ट्रियताको जग थप सुदृढ भएको छ । यस क्रममा अभिव्यक्त राष्ट्रिय एकताको अमूल्य पुँजीलाई आगामी दिनमा थप सुदृढ बनाउँदै लैजानु पर्दछ । यसै एकताको जगमा सरकारले प्रभावकारी कूटनीतिक कौशलका साथ भारतसँग वार्ता गर्नुपर्दछ र नक्सामा समेटिएका नेपाली भूभागहरुमा नेपालको प्रशासनिक-राजनीतिक लगायत सबै प्रकारको हकभोग स्थापित गर्न दृढतापूर्वक अगाडि बढ्नु पर्दछ । सिङ्गो पार्टी यस सम्बन्धमा सरकारले चाल्ने आगामी कदमहरुमा दृढताकासाथ खडा हुनेछ ।

१२.८ नेपाली जनता पञ्चशीलका सिद्धान्त, सार्वभौम समानता, आपसी सम्मान र लाभका मान्यतामा आधारित सुमधुर, समस्यारहित र विश्वासयुक्त नेपाल-भारत सम्बन्धको पक्षमा छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पुनः छिमेकी मित्रराष्ट्र भारतलाई ऐतिहासिक तथ्यहरुको सम्मान गर्न, सुगौली सन्धी अनुसार काली (महाकाली) पूर्वका सबै भूभाग नेपालका हुन् भन्ने यथार्थलाई स्वीकार गर्न र नेपालको भौगोलिक अखण्डताको कदर गर्न आग्रह गर्दै वार्ताद्वारा समस्याको समाधानका लागि वार्तामा आउन आह्वान गर्दछ । विगतमा सुल्झिन बाँकी सबै समस्याहरुको समाधान गरेर मात्र एक्काइसौं शताव्दी सुहाउँदो नयाँ सम्बन्धको विकास गर्न सकिन्छ भन्ने यथार्थलाई आत्मसात गर्न आग्रह गर्दछ ।

## १३. कोभिड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थान गर्ने

कोभिड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थानका सम्बन्धमा स्थायी कमिटीको बैठकबाट निम्नानुसारको प्रस्ताव पारित गर्ने :

१३.१ विश्वव्यापी कोरोना महामारीका कारण सिङ्गो संसार आक्रान्त भएको छ । हाल (२०७७ भदौ ६) सम्म २,३१,२१,३६६ मानिस सङ्क्रमित भएका छन् । ८,०३,२२३ को ज्यान गएको छ । विश्व अर्थतन्त्र, सामाजिक-सांस्कृतिक सम्बन्ध र मानिसको जीवनशैलीमाथि गंभीर प्रतिकूल असर परेको छ ।

१३.२ नेपाल पनि यस महामारीबाट गंभीर रुपले प्रभावित भएको छ । शुरुमै रोकथाम र नियन्त्रणका कदमहरू चालिएको र समयमै बन्दाबन्दी (लकडाउन) जारी गरिएका कारण नेपालमा लामो समयसम्म सङ्क्रमण नियन्त्रणमै रह्यो । यस अवधिमा सरकारले आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापन, प्रयोगशाला विस्तार, परीक्षण, विदेशबाट आउने तथा सङ्क्रमणको जोखिममा रहेकालाई अनिवार्य एकान्तवास (क्वारेन्टिन)मा राख्ने प्रबन्ध, संक्रमितहरुलाई अलग्गै राख्ने स्थान (आइसोलेशन सेन्टर) र कोभिड विशेष अस्पताल स्थापना, समस्यामा परेका र रोजगारी गुमाएकाहरूका लागि राहत वितरण र विदेशमा समस्यामा परेका नेपालीहरुलाई स्वदेश ल्याउने जस्ता सकारात्मक काम गरेको छ । कोभिड- १९ माहामारीको रोकथाम, नियन्त्रण र उपचारमा नेपालको व्यवस्थापन तुलनात्मक रुपमा राम्रो रहेको छ ।

१३.३ तर गतः जेठ महिनायता भारत लगायत विभिन्न मुलुकबाट ठूलो सङ्ख्यामा असुरक्षित तथा संक्रिमित नेपालीहरू तथा केही भारतीयहरुको आगमन शुरु भएसँगै र असार अन्तिम साताबाट बन्दाबन्दी (लकडाउन) खुकुलो गरिएसँगै सङ्क्रमण तीव्र रफ्तारमा फैलिदै गएको छ । हाल सम्म (२०७७ भदौ ६ सम्म) सङ्क्रमितको सङ्ख्या ३०,४८३ पुगेको छ भने मृतकहरुको सङ्ख्या १३७ पुगेको छ । यद्यपि, निको हुने प्रतिशत ७१ भन्दा बढी हुनु आशाजनक पक्षका रुपमा रहेको छ ।

१३.४ अर्थतन्त्र र सामाजिक जीवनका अन्य पक्षलाई चलायमान गराउँदै जनजीवनलाई क्रमशः सामान्य अवस्थातर्फ फर्काउनु जरुरी छ । हालसम्म कोभिड- १९ को खोप या औषधि आविष्कार नभएको र सङ्क्रमणको चुनौती लामै समयसम्म रहने देखिएकाले हामीले कोरोनासँग लड्दै गतिशील हुनु आवश्यक भएको छ ।

कोविड- १९ को महामारी रोकथाम, नियन्त्रण र संक्रमितहरुको उपचारको सन्दर्भमा नेपाल सरकारले हालसम्म गरेका प्रयत्नहरुलाई समर्थन र सह्राना गर्दै र निम्नलिखित कार्यहरु अघि बढाउन सरकारसंग आग्रह गर्ने :

१३.५.१ सङ्क्रमणको जोखिम बढ्दै गएकाले सबैभन्दा खराब स्थिति (ध्यचकत ऋबकभ क्अभलबचष्य) को आँकलन गर्दै सोही अनुरुप आवश्यक बजेट, स्वास्थ्य सामग्री, जनशक्ति र भौतिक पूर्वाधारको तयारी गर्ने ।

१३.५.२ परीक्षणको दायरा बढाउने र समुदायस्तरमा सङ्क्रमण फैलिएको आशङ्का गरिएका ठाउँमा नमूना सङ्कलन तीव्र पार्ने र विरामीहरुको उपचारका लागि पूर्व तयारी गर्ने । आवश्यकता अनुसार जिल्ला वा स्थानीय स्तरमा इलाकावन्दी गर्ने ।

१३.५.३ अस्पतालहरुमा शैया, सघन उपचार कक्ष र भेन्टिलेटरहरुको थप प्रबन्ध गर्ने र आवश्यकता अनुसार निजी अस्पताल र निजी मेडिकल कलेजहरुलाई महामारी अवधिभरका लागि कारोना उपचारमा प्रयोग गर्ने । काठमाण्डौ उपत्यका र जिल्लाहरुमा आवश्यकता अनुसार क्वारेण्टिन तथा संक्रमितहरुलाई अलग्गै राख्ने स्थान (आईसोलेशन) सेण्टर निर्माण गर्ने ।

१३.५.४ कोविड- १९ का अलावा अन्य विमारीहरुले सहज उपचार पाउन नसकेको जनगुनासोलाई तत्काल संवोधन गर्ने ।

१३.५.५ खाद्य सङ्कटलाई समेत ध्यानमा राख्दै खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरूको भण्डारणको व्यवस्था मिलाउने ।

१३.५.६ कोविड- १९ बाट प्रभावित आर्थिक क्षेत्र, विशेष गरी संकटग्रस्त बन्न पुगेका होटल, रेष्टुरेण्ट, हवाई सेवा, कृषि, शिक्षा, स्वास्थ, उद्योगहरुको पुनरुत्थानका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने ।

१३.५.७ पर्यटन र यातायात लगायत अन्य प्रभावित क्षेत्रका मजदूर तथा कर्मचारीहरुलाई राहतको व्यवस्था गर्ने । विदेशमा रोजगारी गुमाएर समस्यामा परेका श्रमिक र अन्य नेपाली नागरिकलाई स्वदेश फर्काउन सुरु गरिएको वर्तमान प्रक्रियालाई निरन्तरता दिने । बाँकी नागरिकहरूको हकमा सम्बन्धित मुलुकमै रोजगारीको निरन्तरता, रोजगार पुनर्स्थापना र सुरक्षाको प्रबन्ध गर्न थप कुटनीतिक पहल गर्ने । विद्यार्थीहरूका समस्या समाधानका लागि समेत थप अग्रसरता लिने ।

१३.५.८ विदेशमा रोजगारी गुमाएर फर्केका र स्वदेशमै वेरोजगार अवस्थामा रहेका युवाहरुको रोजगारीको प्रबन्धका लागि आवश्यक अनुसन्धान, योजना र स्रोत व्यवस्थाप गर्ने ।

१३.५.९ कोरोनाको बढ्दो संक्रमणका कारण दैनिक श्रम गरी जीवन यापन गर्ने वर्ग तथा समुदायलाई स्थानीय तह मार्फत खाद्यान्न र अत्यावश्यक वस्तुहरु समेत राहतको व्यवस्था गर्ने ।

१३.५.१० कोविड- १९ महामारीले गर्दा नेपालको सामाजिक तथा आर्थिक क्षेत्रका परेको र पर्नसक्ने असरका बारेमा विशेषज्ञहरुद्वरा अध्ययन गर्ने र आर्थिक-समाजिक पुनरुत्थानका लागि कोविड पछिको योजना निर्माण गर्ने ।

कोविड- १९ को कारणले सृर्जित महामारी विरुद्धको यस लडाइँमा पार्टी पङ्क्तिलाई देहाय बमोजिम थप परिचालन गर्ने र सक्रिय तुल्याउने :

१३.६.१ स्थानीय पार्टी कमिटीको कम्तीमा पनि सचिवालयस्तरको बैठक (भौतिक दूरी काम गरेर बस्न सक्ने भए भौतिक रुपमै, अन्यथा विद्युतीय प्रणालीको प्रयोग गरी महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म सम्बन्धित तह (प्रदेश, जिल्ला र स्थानीय तह) मा चालिएका कदमहरूको वस्तुनिष्ठ समीक्षा गर्ने ।

१३.६.२ सङ्क्रमणको अवस्था, संभावित जोखिम र गरिनुपर्ने कामको प्रक्षेपण गर्ने ।

१३.६.३ आफ्नो तहमा विदेशबाट आएकाहरूको लगत व्यवस्थित गर्दै उनीहरू अनिवार्य रुपमा एकान्तवास (क्वारेन्टिन)मा रहेको सुनिश्चित गर्ने ।

१३.६.४ घरमै एकान्तवास (क्वारिन्टिन)मा रहेकाहरूको अनुगमन गर्ने ।

१३.६.५ आम नागरिकहरुमा स्वास्थ्य चेतना फैलाउने ।

१३.६.६ स्थानीय तहमा रोजगारीका अवसर, नयाँ आर्थिक क्षेत्रहरू र कृषिको आधुनिकीकरणका संभावनाहरूको खोजी गर्ने, योजना बनाउने र सम्बन्धित तहका सरकारहरूसँगको समन्वयमा यस सम्बन्धी तयारी अगाडि बढाउने ।

१३.६.७ विपत्तिको बेला विभिन्न भ्रमहरू सृजना गरेर समाजमा अराजकता र अस्थिरता फैलाउने प्रवृत्तिहरूलाई निरुत्साहित गर्ने ।

१३.६.८ यस माहामारीका विरुद्ध अग्रपङ्क्तिमा खटिएर उत्कृष्ट सेवा दिइरहनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीहरुसँगै स्थानीय तहका जनप्रतिनिधिहरु लगायत सबै जनप्रतिनिधिहरुलाई स्थायी कमिटीको बैठक विशेष धन्यवाद ज्ञापन गर्ने ।

## १४. बाढी-पहिरोद्वारा सिर्जित प्राकृतिक विपत्तिको सामना गर्ने

लगातारको भीषण बर्षाले गर्दा ठूलो मात्रामा जन-धनको क्षति भएको छ । यस्तो स्थितिमा हाम्रो पार्टीका नेता, कार्यकर्ता र सदस्यहरुले अग्रभागमा रहेर जनतालाई दुख, सुखमा साथ दिने । स्थानीय पार्टी कमिटी तथा कार्यकर्ताहरुले प्राकृतिक प्रकोप पीडित जनतालाई जनप्रतिनिधिहरु तथा सरकारी निकायहरुसंग समन्वय गर्दै उद्धार, राहत र पुनःस्थापनामा सघाउने । उद्धार, राहत र पुनस्थापनाको बिषयलाई स्थानीय पार्टी कमिटीहरुले आफ्नो कामको महत्वपूर्ण कार्यसूची बनाउने ।

## १५. शान्ति प्रकृयाका बाँकी काम सम्पन्न गर्ने

१५.१ शान्ति प्रक्रिया अगाडि बढाउने क्रममा संविधानसभा निर्वाचन, राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, राज्यको अग्रगामी पुनःसंचना तथा सङ्घीय र समावेशी शासन प्रणालीको स्थापना गर्ने जस्ता दूरगामी तथा युगान्तकारी महत्वका राजनीतिक काम सम्पन्न गरिएका छन् । यी सबै उपलव्धीहरुलाई संस्थागत गर्न संविधानसभाबाट नेपालको संविधान निर्माण तथा जारी गर्ने ऐतिहासिक काम सम्पन्न भएको छ । संविधानमा जनताका मौलिक अधिकारहरु संस्थागत हुनु, सामाजिक न्याय सुनिश्चित गरिनु र संविधानले राष्ट्रको भावी मार्गचित्रको रुपमा समाजवाद-उन्मुख राज्य र समाजवाद-उन्मुख अर्थतन्त्रको प्रत्याभूति गर्नु नेपालको शान्ति प्रक्रियाको मौलिक र महत्वपूर्ण उपलव्धी हो ।

१५.२ तर अझै पनि शान्ति पक्रियाका सबै काम पूरा हुनसकेको छैन । तसर्थ शान्ति प्रक्रियाका बाँकी कामहरुलाई यथाशीघ्र सम्पन्न गर्दै सामाजिक सद्भाव, मेलमिलाप र एकतालाई नयाँ उचाइमा उठाउन र यसबाट सिर्जना हुने उर्जा र उत्साहलाई राष्ट्र निर्माणको काममा लगाउनु पर्दछ ।

१५.३ शान्ति प्रक्रियाको महत्वपूर्ण पक्षको रुपमा रहेको माओवादी लडाकुहरुको समायोजन र व्यवस्थापनको काम सफलतापूर्वक सम्पन्न भएको छ । पूर्व लडाकुहरुमध्ये केहीले नेपाली सेनामा समायोजन भएर मुलुकको सार्वभौमसत्ता, राष्ट्रियता र भौगोलिक अखण्डताको रक्षा जस्ता महत्वपूर्ण काममा योगदान गरिरहनु भएको छ भने अधिकांशले स्वेच्छिक अवकाशको विकल्प चयन गरेर राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय तथा आर्थिक उत्पादन र स्वरोजगारमा सङ्लग्न हुनुभएको छ । हजारौं लडाकुहरुको सहज र स्वेच्छिक व्यवस्थापन गर्दै समायोजनको काम सम्पन्न हुनु नेपालको शान्ति प्रक्रियाको विशिष्ट र उदाहरणीय पक्ष हो ।

१५.४ शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष रहेको सत्य निरुपण र मेलमिलाप आयोग तथा वेपत्ता व्यक्तिहरुको छानविन सम्बन्धी आयोगको काम टुङ्ग्याउन अझै बाँकी छ । लामो छलफल र संवादको प्रक्रिया पार गरेर वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी ऐन निर्माण र संशोधन गरियो । दुई बेग्लाबेग्लै आयोगहरु गठन भए । शान्ति प्रक्रियाका बाँकी काम नटुङ्गिदा दिगो शान्ति स्थापनाका प्राप्त उपलब्धीहरु ओझेलमा पर्ने र चुनौती थपिन सक्ने संभावना रहन्छ । शान्ति प्रत्रियाका बाँकी कामहरु समयमा सम्पन्न गर्ने, पीडितहरुमा असन्तुष्टि र पीडा थपिन नदिने, विषयको संवेदनशीलता माथि खेल्न नदिने र विश्वमै उदाहरणीय रहेको नेपालको शान्ति प्रक्रियामाथि अनावश्यक प्रश्न उठ्न नदिने गरी समस्याको समाधान गर्न जरुरी छ ।

१५.५ विभिन्न समयमा नेपालको शान्ति प्रक्रियालाई लिएर कतिपय पक्षहरुबाट अनावश्यक चासो राख्ने र गैरकूटनीतिक अभिव्यक्ति दिने कुरा अनुचित हुन्छ । हाम्रो पार्टी शान्ति प्रक्रियाका बाँकी कामहरुलाई पनि मौलिक ढङ्गले सम्पन्न गर्न र समाजमा एकता र मेलमिलापलाई सुदृढ गर्न दृढ सङ्कल्पित छ । शान्ति प्रक्रियाको मूल मर्म भनेको सत्य निरुपण र मेलमिलाप हो भन्ने कुरालाई केन्द्रबिन्दुमा राखेर बाँकी कामहरु अगाडि बढाउनु पर्दछ ।

यस सम्बन्धी कामलाई अघि बढाउन निम्नलिखित कामहरु गर्ने :

१५.६.१ सत्य निरुपण तथा मेलमिलाप आयोग र आवश्यक साधन र स्रोत उपलब्ध गराउने ।

१५.६.२ आयोगहरुबाट परिपूरण, क्षतिपूर्ति र अन्य आवश्यक सिफारिसका सन्दर्भमा पीडित परिवारसंग परामर्श गर्ने र यस अघि प्रदान गरिएको राहत पाउन बाँकीलाई राहत प्रदान गर्ने ।

१५.६.३ सशस्त्र द्वन्द्व र आन्दोलनका क्रममा घाइते तथा अङ्गभङ्ग भई कष्टपूर्ण जीवन बिताउन वाध्य योद्धाहरुको उपचारको प्रबन्ध गर्ने । असक्त र घाईतेहरुका लागि जीवन निर्वाहको व्यवस्था गर्ने ।

१५.६.४ शान्ति प्रकृयाका बाँकी कामहरु शीघ्र सम्पन्न गर्न अनुकूल हुनेगरी बेपत्ता पारिएका व्यक्तिको छानवीन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गर्ने र यसका लागि विज्ञ सहितको आवश्यक संरचना निर्माण गर्ने । यस कार्यमा सहजीकरण गर्न प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु सम्मिलित राजनीतिक संयन्त्रण निर्माण गर्ने ।

१५.६.५ सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका व्यक्तिहरुलाई सम्मान गर्ने । स्थानीय तहमा सबै पीडितहरुको बीचमा मेलमिलापलाई सुदृढ गर्ने काम गर्न प्रदेश र स्थानीय तहहरुलाई उत्प्रेरित गर्ने । पार्टीका स्थानीय कमिटीहरुले यस सम्बन्धी काममा सघाउने ।

१५.६.६ नेपालको मौलिक शान्ति प्रक्रियाका उपलव्धी र अनुभवहरुलाई अभिलिखित गरी जनता र अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउने ।

१५.६.७ शान्ति प्रकृयाका बाँकी रहेका सम्पूर्ण काम एकबर्ष भित्र सपन्न गर्ने ।

## १६. प्रतिष्ठानहरुको व्यवस्थापन तथा सञ्चालन विधि निश्चित गर्ने

पार्टीका विभिन्न नेताका नाममा विभिन्न प्रष्ठिान वा संघ संस्था परिचालित छन् । यी मध्ये अधिकाँश गुटवन्दीको माध्यम बन्दै गएकाछन् । गुटबन्दी रोक्न प्रतिष्ठानहरुलाई नियमन गर्नुपर्छ । त्यसका लागि पार्टीले यस्ता संस्थाहरुमा नेता वा कार्यकर्ताको संलग्नता र तिनको आर्थिक श्रोत तथा कृयाकलापका बारेमा तथ्यपरक जानकारी प्राप्त गर्ने । त्यस्ता संस्थाहरुमा पार्टीका नेता, कार्यकर्ता वा सदस्यहरुको संलग्नताको स्वरुप निश्चित गर्ने । प्रतिष्ठानहरुको सञ्चालन, व्यवस्थापन तथा नियमन विधि निश्चित गर्न एक महिना भित्र प्रतिवेदन दिने गरी स्पष्ट कार्यादेश सहित कार्यदल गठन गर्ने । कार्यदलको प्रतिवेदन प्राप्त भएपश्चात् त्यस उपर छलफल गरी आवश्यक निर्णय लिने । तब सम्मका लागि पार्टीद्वारा गठित वा पार्टीका नेता कार्यकर्ता सम्मिलित कुनैपनि प्रष्ठिानहरुलाई प्रदेश, जिल्ला र स्थानीय तहमा शाखा गठन नगर्न र गतिविधि नगर्न निर्देशन दिने ।

## १७. मिलेनियम च्यालेञ्ज कम्प्याक्ट सम्झौताका सम्बन्धमा आवश्यक निर्णय गर्ने

नेपाल सरकार र अमेरिकी सरकारको संस्था मिलेनियम च्यालेञ्ज कर्पोरेशन बीच सन् २०१७ मा सम्पन्न भएको मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता यतिबेला संसदमा अनुमोदनको लागि विचाराधीन अवस्थामा छ । उक्त सम्झौताका सम्बन्धमा निर्णयमा पुग्नु अघि आवश्यक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न केन्द्रीय कमिटीको दोश्रो बैठकबाट कार्यदल गठन गरिएको थियो । कार्यदलले आफ्नो प्रतिवेदन प्रस्तुत गरिसकेको छ । मिलेनियम च्यालेञ्ज कम्प्याक्ट संझौता र सो सम्वन्धी कार्यदलको प्रतिवेदन उपर स्थायी कमिटी र सचिवालयमा छलफल गर्ने । उक्त सम्झौतालाई राष्ट्रिय हितमा स्पष्टपार्दै आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने ।

कार्यदलद्वारा प्रस्तुत उपर्युक्त निष्कर्षहरुको कार्यान्वयनले पार्टीको आन्तरिक जीवनमा उत्पन्न समस्या समाधान हुनेछ, पार्टी र सरकारको काममा गतिशीलता तथा प्रभावकारितमा अभिवृद्धि हुनेछ । जनताले यस पार्टीलाई गरेको विश्वास र सुम्पिएको जिम्मेवारी पुराहुँदै जाने छ भन्ने विश्वास गरिएको छ ।

१. विष्णुप्रसाद पौडेल - संयोजक

२. जनार्दन शर्मा - सदस्य

३. पम्फा भुसाल - सदस्य

४. भीमबहादुर रावल - सदस्य

५. शंकर पोखेल - सदस्य

६. सुरेन्द्र पाण्डे - सदस्य